**आ.व. ०८२/८३ को चौथो बैठक**

आज मिति २०८२ साल कार्तिक २४ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री संगम पौडेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

अधिकृत छैटौं श्री शिव कुमार काम्बाङ

का.स. श्री धन बहादुर बुढाथोकी

निर्णयहरुः

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री संगम पौडेलज्यूबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

यस पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङबाट मिति २०८०/१२/१८ मा स्थायी नियुक्ति हुनुभएका स्वास्थ्य सेवा, हेल्थ इन्पेक्सन समूह, अ.हे.व. चौथो तहमा कार्यरत कर्मचारी श्री **बिमला सापकोटा**लाई स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा २४ को उपदफा (४) बमोजिम यस कार्यालयबाट सरुवा भई श्री छथर गाउँपालिका, तेह्रथुम जान सहमति दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

पाथीभरा याङवरक गाउँपालिकाको आ.व.०८१/०८२ को महालेखा परीक्षकको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजुहरुको बारेमा प्र.प्र.अ.मार्फत कार्यपालिकामा जानकारी गराइएको र सम्परीक्षणको लागि आवश्यक प्रकृया अघि बढाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

आ.व.०८२/०८३ को बजेट नीति तथा कार्यक्रममा लाखे जात्रालाई सहयोग शिर्षकमा रु. १,००,०००।- विनियोजन भएकोमा लाखे जात्रा सञ्चालन समितिले उक्त कार्यक्रम सम्पन्न गरी रकम भुक्तानीको माग गरेको हुँदा, उक्त विनियोजित शिर्षकबाट रु. १,००,०००।- भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-२ स्थित सनलाइट युनाइटेड युथ क्लबलाई बडा दशै तथा दिपावलीको अवसरमा खेलकुद कार्यक्रम आयोजना गर्नको लागि अन्य खेलकुद शिर्षकबाट व्ययभार हुनेगरी रकम रु.३,५०,०००।– (अक्षरेपी तीन लाख पचास हजार मात्र।) उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

आ.व.०८२/८३ मा पाथीभरा याङवरक गाउँपालिका अन्तर्गत तपसिलको योजनाहरुका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. साम्वाछ्योकोलिङ हिमालय बौद्ध गुम्बा निर्माण, पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ।
२. कात्तिके-बढहरे-थुम्वेदिन सिँचाई कुलो निर्माण, पाथीभरा याङवरक-६, ताप्लेजुङ।
३. खेल मैदान निर्माण, पाथीभरा याङवरक-४, डुम्रिसे, ताप्लेजुङ।

निर्णय नं.-७

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्र बहादुर सुनुवार | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ३०००० | |
| २ | भिम कुमार लिम्बु | पाथीभरा याङवरक-३, ताप्लेजुङ। | ३०००० | |
| ३ | प्रकाश साम्सोहाङ | पाथीभरा याङवरक-५, ताप्लेजुङ। | ३०००० | |
| ४ | विपन लिम्बु | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | ३०००० | |
| ५ | दल बहादुर लिम्बु | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | २५००० | |
| ६ | ओमनाथ कामी | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | २०००० | |

निर्णय नं.-८

शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा मितिः२०८२/०७/१७ मा MBBS अध्ययरत विद्यार्थी छात्रवृत्तिसम्बन्धी सूचना अनुसार रितपूर्वक प्राप्त १ वटा निवेदन पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ स्थायी घर भएकी विपिना बस्नेतको प्राप्त भएकोमा, आ.व.०८२/०८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गत बजेट रु.२ लाख नीज निवेदकलाई दिने निर्णय सर्वसहमतिले पारित गरियो।

निर्णय नं.-९

पाथीभरा याङवरक गाउँपालिकाको गाउँ कार्यपालिकाको मितिः२०८२/०२/२८ गतेको निर्णय बमोजिम राष्ट्रिय परिचय पत्र बनाउन बाँकी रहनु भएका पाथीभरा याङवरक गाउँपालिकाका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तीहरुको विवरण वडा कार्यालयहरुबाट संकलन गरी श्रावण महिनामा यातायातको व्यवस्था पालिकाबाट गरि जिल्ला प्रशासन कार्यालयसम्म लाने व्यवस्था गर्ने निर्णयानुसार २ नं. वडा र ४ नं. वडाका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई जिल्ला प्रशासन कार्यालय लगे वापतको २ नं. वडाको रकम रु.११००००।- र ४ नं. वडाको रकम रु.१६८००।- भुक्तानी दिने सर्वहसमतिले निर्णय गरियो।